# आर्थिक वर्ष २०८२/०८३

# को

# बजेट तथा कार्यक्रम




श्री मधुवन नगरपालिकाको सोह्रौ नगरसभामा नगर उप प्रमुख

श्री अनिता चौधरी ज्यू बाट प्रस्तुत

<u>बजेट तथा कार्यक्रम</u>

२०८२

# मधुवन नगरपालिकाको राजनीतिक नक्सा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection Systen: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

**यस गरिमामय नगर सभाका अध्यक्षज्यू, सभाका सम्पूर्ण सदस्यज्यूहरु, सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु एवं पत्रकार मित्रहरु।**

१. **"पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार मधुवन नगरपालिका विकासको मूल आधार"** भन्ने मूल नाराका साथ अघि बढेको यस मधुवन नगरपालिकाको सोह्रौ नगर सभामा नगर आ.व. २०८२/०८३ को स्वीकृत नीति तथा कार्यक्रमसँग तालमेल हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा गर्भको अनुभूति गरेको छु ।

२. यस अवसरमा राजतन्त्रको अन्त्य र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाका लागि भएका आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नु हुने वीर सहिदहरुप्रति भावपूर्ण श्रदान्जली अर्पण गर्दछु ।

३. प्राप्त लोकतान्त्रिक अभ्यासबाट मलाई विजय गराई यहाँ सम्म ल्याउनुहुने सार्वभौम आम जनता, आम मतदाता लगायत सबै संघ संस्था तथा राजनीति दलहरु र मेरा आदरणीय आमाबुवा, दाजुभाई, दिदीबहिनीहरु प्रति उच्च सम्मानका साथ आभार व्यक्त गर्न चाहन्छु ।

४. स्रोतको सिमितता अधुरो आयोजना सम्पन्न गर्नुपर्ने बाध्यात्मक परिस्थिति बढ्दो जनचाहनाका बावजुद् समग्र मधुवनको विकासमा महत्वपूर्ण योगदान रहोस भन्ने उद्देश्यले यस गरिमामय सभाले स्वीकृत गरेको नीति कार्यक्रम तथा विभिन्न कानूनले निर्दिष्ट गरेको कानूनी दायराभित्र रहेर यो बजेट प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय,**

५. अब म आगामी आ.व. २०८२।०८३ को कार्य दिशा स्पष्ट हुनेगरी बजेटका उद्देश्य, प्राथमिकता र रणनीतिक क्षेत्रहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क) उद्देश्यहरुः**

- मधुवन न.पा. मा लगानी गरी लाभ लिन सक्ने क्षेत्रको पहिचान गरी यहाँका समस्याहरु समाधान गर्नु एवं उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- विकास साझेदारहरुको बीचमा समन्वय गरी निजी क्षेत्रको सहभागितामा नगरको समग्र विकासमा टेवा पुर्याउने,
- समग्र नगरबासीको सीप विकास, क्षमता विकास मार्फत आयआर्जनमा सुधार गरी गरिबी न्यूनीकरणमा जोड दिदैं रोजगारी सिर्जना गर्ने,
- अति विपन्न, लोपोन्मुख तथा पछि परेका वर्ग एवं समुदायलाई सशक्तिकरण गर्ने,
- सामाजिक सुरक्षाका विविध विषयहरु व्यवस्थित गर्दै सामाजिक न्याय कायम गर्ने,
- स्थानीय तहबाट प्रभाव हुने सार्वजनिक सेवालाई व्यवस्थित, अनुमानयोग्य तथा प्रभावकारी तुल्याउने,
- मानव वन्यजन्तु द्वन्द्व र क्षतिको न्यूनीकरण गर्ने,
- राष्ट्रिय तथा प्रादेशिक बजेटका लक्ष्य तथा उद्देश्यसँग सामन्जस्यता कायम गरी स्थानियकरण गर्ने

**ख) आगामी आ.व. २०८२/०८३ का बजेटका प्राथमिकताहरु देहाय अनुसार प्रस्तुत गरेको छु :**

- गुणस्तरीय तथा सर्वसुलभ शिक्षामार्फत विद्यार्थी भर्नादर तथा टिकाउदरमा वृद्धि गरी सामुदायिक विद्यालयको शिक्षण सिकाई तथा गुणस्तरमा वृद्धि ल्याई विद्यार्थीको आकर्षण बढाउने,
- कृषि तथा पशुपालन क्षेत्रमा आधुनिक तथा नविनतम प्रविधिको प्रयोग मार्फत कृषकको जीवनस्तरमा सुधार ल्याउने,
- बहुवर्षीय, अधुरा, क्रमागत योजनाहरु र अन्य आवश्यक पूर्वाधार निर्माणमा जोड,
- वातावरण संरक्षण जलवायु उत्थानशिलता जलवायु अनुकुलन कार्यक्रम र विपद् व्यवस्थापन
- सहकारीको माध्यमबाट रोजगार प्रवर्धन, स्वआयआर्जन तथा गरीबी निवारण,
- सुशासन र संस्थागत विकासमा जोड,
- लोपोन्मुख लोक कला संस्कृतिको संरक्षण, सम्वर्धन, प्रवर्धन तथा पुराना लोक संस्कृतिको पुस्तान्तरण,
- लागुऔषध नियन्त्रण, बालविवाह, बहुबिवाह न्यूनिकरण ।

**ग) आगामी आ.व २०८२/०८३ को बजेट कार्यान्वयका लागि आवश्यक रणनीतिहरु देहाय अनुसार तय गरेको छु :**

- सार्वजनिक खर्च तथा पुँजीगत खर्चको वृद्धि गर्न समयमै आवश्यक तयारी तथा तोकिएका कार्यहरु थालनी गर्ने,
- सार्वजनिक खर्चमा मितव्ययीता अपनाउन आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,
- नव प्रवर्तन कार्य मार्फत उद्यमशीलता विकासमा जोड दिने,
- आन्तरिक स्रोत परिचालन तथा वृद्धिका लागि राजश्वको दायरा विस्तार गर्ने, कर सहभागितामा वृद्धि गर्ने,
- आन्तरिक आयका लागि संघीय तथा प्रादेशिक सरकारको परनिर्भरता कम गर्ने,
- उपलब्धिमूलक नतिजा हासिल गर्न कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागु गर्ने,
- अनुगमन, सुपरीवेक्षण र मूल्याङकनलाई प्रभावकारी बनाउने,
- विकास साझेदारीहरुबीचमा प्रभावकारी समन्वय गर्ने,
- सुशासनका सूचकहरु अनुसार उपलब्धि हासिल गर्न बजेटलाई कार्य सम्पादनसँग प्रभावकारी रुपमा जोड्ने,
- आम नागरिकलाई बजेट र नन् बजेटरी कार्यमा सहभागी गराई विकासका आयामहरु प्रतिफलयुक्त बनाउने,
- संघ सरकार, प्रदेश सरकारसँग निरन्तर समन्वय गरी बजेटले सम्बोधन गर्न नसकेका क्षेत्रमा बजेटको प्रबन्ध गर्ने ।

**सभाका अध्यक्षज्यू,**

६. अब म आगामी आ.व. २०८०/८१ को यथार्थ, यस आ.व. को हाल सम्मको खर्च साथै चालु आ.व २०८१/८२ मा भएका केही उपलब्धिहरु संक्षिप्त रुपमा प्रस्तुत गरेको छु ।

क. चालु आर्थिक वर्षको जेष्ठ मसान्तसम्म चालु खर्च कुल विनियोजनको ७४।१७ प्रतिशत र पुँजीगत खर्च तर्फ कुल विनियोजनको ५८।६८ प्रतिशत खर्च भएको छ । गत आ.व. २०८०।८१ मा चालु खर्चतर्फ विनियोजनको ८२।३० प्रतिशत र पुँजीगत खर्च तर्फ विनियोजनको ५२।६० प्रतिशत खर्च भई कुल विनियोजनको ७७।८० प्रतिशत यथार्थ खर्च भएको थियो ।

ख. चालु आ.व.मा ११.३७ कि.मि. सडक कालोपत्रे भएको ।

ग. मधुवन-१ पत्थरबोझिस्थित सरस्वति आ.वि. मा ४ कोठे भवन निर्माण ।

घ. मधुवन-७ मा तमु रोधी संग्राहलय भवन निर्माण ।

ङ. मधुवन न.पा. वडा नं. २ र ५ मा दुई मचान निर्माण ।

च. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत विभिन्न वडामा रहेका सूचिकृत बेरोजगारलाई रोजगार प्रदान गरिएको ।

छ. विभिन्न डुबान हुने क्षेत्रमा कल्भर्टहरु निर्माण ।

ज. सडक बोर्ड नेपालसँगको साझेदारीमा ७.६५ कि.मि सडक ग्राभेल एवं सडक मर्मत कार्य सम्पन्न ।

झ. विभिन्न संघसंस्थासँगको साझेदारीमा विभिन्न वडामा विद्यालय भवन निर्माण ।

ञ. पुरातन संस्कृति भाषा संरक्षणका कार्यहरु गरिएको ।

ट. जेष्ठ नागरिक, अपाङ्ग, महिला, जातजाती सम्बद्ध विभिन्न कार्यक्रमहरु गरिएको ।

ठ. आधारभूत नगर अस्पतालमा एम.बि.बि.एस. डाक्टरद्वारा विभिन्न प्रकारका चिकित्सकिय सेवा प्रदान गरिएको ।

ड. विभिन्न स्वास्थ्य चौकीमार्फत गुणस्तरीय प्रसुति सेवा प्रदान गरिरहेको ।

ढ. कृषकको अन्नपात तथा कृषि उपजको सुरक्षा तथा छाडा चौपायाबाट हुन सक्ने सडक दुर्घटना न्यूनिकरणका लागि गौशाला सञ्चालन तथा व्यवस्थापन गरिएको ।

**सभा अध्यक्ष महोदय,**

७. नेपालको संविधान, सोह्रौ आवधिक योजना, दिगो विकासको लक्ष्य, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, आ. व. २०८२/०८३ को मधुवन नगरपालिकाको नीति तथा कार्यक्रमका लक्ष्य र उद्देश्य परिपूर्तिका लागि सरोकारवाला सम्बद्ध सबैबाट प्राप्त सुझावलाई मनन गर्दै आ.व. २०८२/०८३ को लागि बजेट पेश गर्न चाहन्छु ।

८. आव २०८२/०८३ को लागि कूल रु. १ अर्ब ३ करोड ४७ लाख रकम विनियोजित गरेको छु।जसमध्ये चालु खर्चतर्फ रु ७४ करोड ६६ लाख १६ हजार रकम अर्थात ७२.१५ प्रतिशत

रकम र पुँजीगत तर्फ रु २८ करोड ८० लाख ८४ हजार अर्थात २७.८५ प्रतिशत रकम विनियोजित गरेको छ ।

९. गत विगत देखिका अधुरा आयोजनाहरु सम्पन्न गर्नका लागी रु ६ करोड ५० लाख रकम दायित्व तर्फ विनियोजन गरेको छ । हाललाई यो रकमले सम्पन्नको चरणमा रहेका आयोजनाहरुको भुक्तानी सुनिश्चता गर्ने तथा निर्माणको चरणमा रहेका अधुरा आयोजनाको भुक्तानी व्यवस्थापनमा सहज हुने आशा लिएको छ । यसले पुँजीगत खर्च तर्फ थप टेवा पुर्याउने महशुस गरेको छ ।

१०. सामाजिक तथा आर्थिक विकासबाट नगरपालिकाको सर्वाङगिण विकास हुने लक्ष्य लिदै शिक्षलाई गुणस्तरीय बनाउदै शिक्षा क्षेत्रको विकास गर्ने प्राथमिकता दिदै शिक्षा तर्फ रु ४ करोड २५ लाख रकम विनियोजन गरेको छ, जसले निशुल्क शिक्षाका योगदान गर्नेछ ।

११. संघीय सरकारबाट शिक्षक दरबन्दि पूर्ति हुन नसकेका दरबन्दिमा नगर शिक्षकको व्यवस्थापनका लागि शिक्षकको आवश्यक तलवभत्ताको व्यवस्थापन गरिएको छ ।

१२. बाल विकास कर्मचारी र विद्यालय कर्मचारीको लागि संघीय सरकारसँग साझेदारी गर्ने रकमको लागि आवश्यक बजेटको व्यवस्थापन गरेको छ ।

१३. नगर खेलकुदका लागि रु २५ लाख विनियोजन गरेको छ ।

१४. आधारभुत स्वास्थ्य सेवाबाट कोही पनि वञ्चित नहुन भन्नका लागि स्वास्थ्य शाखाको लागि रु १ करोड ४० लाख, नगर अस्पताल जनशक्ति व्यवस्थापनका लागि ४० लाख, आयुर्वेद स्वास्थ्यतर्फ रु १७ लाख र नगर फार्मेसी सञ्चालन तर्फ रु. २० लाख गरी जम्मा रु २ करोड १७ लाख रकम विनियोजन गरेको छ ।

१५. आधुनिक कृषि मार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धिका लागि रकम रु ४५ लाख बजेट विनियोजन गरेको छ ।

१६. पशु पालन तथा पशुधन मार्फत आय आर्जन रोजगारी सिर्जना पशुधनको उपचारका लागि रु ४५ लाख र गौशाला व्यवस्थापनका लागि रु १७ लाख गरी जम्मा रु ६२ लाख रकम विनियोजन गरेको छ, जसबाट नागरिकको आय आर्जनमा वृद्धि हुने एवं छाडा चौपाया व्यवस्थापनमा सहयोग पुग्नेछ ।

१७. लक्षित वर्गका आवश्यकता माग सम्बोधनका लागि छुट्टै लक्षित कार्यक्रम तथा अपाङ्ग असाहय दलित अल्प संख्यक लगायतका समुहका लागि महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक अन्तर्गत गरी रु २० लाख र लक्षित कार्यक्रम अन्तर्गत रु ७ लाख गरी जम्मा रु २७ लाख रकम विनियोजन गरेको छ, जसबाट लक्षित समुहको माग सम्बोधन हुने आशा लिएको छ ।

१८. दलित लक्षित आयआर्जन कार्यक्रमको लागि रु ३ लाख विनियोजन गरेको छ ।

१९. लागुपदार्थ दुर्व्यसनी मुक्त गराई सभ्य र शान्त समाज निर्माण गर्नका लागि सचेतना कार्यक्रमका लागी आवश्यक बजेट रकम रु ३ लाख ५० हजार विनियोजन गरिएको छ ।

२०. मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि पूर्वाधार साझेदारी तथा सचेतना मुलक कार्यका लागि रकम रु ८ लाख विनियोजन गरिएको छु ।

२१. सडक दुर्घटना न्यूनिकरण तथा सडक जन्य जोखिम कम गर्नका लागि सचेतना मुलक कार्यक्रमका लागी रकम आवश्यक बजेट विनियोजन गरेको छु ।

२२. लघुउद्यम रोजगारी सिर्जना बहुक्षेत्रिय पोषण कार्यक्रम तथा द्वन्द्व पीडितलाई आयआर्जन आर्थिक सहयोग राहत विपद् व्यवस्थापन लगायतको क्षेत्रमा आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

२३. नगरको प्रशासनिक कार्यको प्रभावकारीता लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२४. सहकारी संस्थाहरुलाई विभिन्न तालिम कार्यक्रमका लागि आवश्यक बजेट रु १ लाख ५० हजार विनियोजन गरेको छु, जसबाट सहकारीको प्रवन्ध गर्न सहयोग पुग्नेछ ।

२५. नगरका गतिविधिहरु प्रकाशन एवं जानकारी एवं प्रवर्द्धनात्मक कार्य गर्न आवश्यक बजेट प्रवन्ध गरेको छु ।

२६. नगरका गतिविधिहरु प्रकाशन एवं जानकारी एवं प्रवर्द्धनात्मक कार्य गर्न आवश्यक बजेट प्रवन्ध गरेको छु ।

२७. मानवजन्य एवं प्राकृतिक विपद् प्रतिकार्य राहत उद्धार एवं आवश्यक कार्य गर्न रु ४० लाख बजेट विनियोजन गरेको छु, जसबाट मधुवन नगरपालिका भित्र आइपर्ने विपद् व्यवस्थापन गर्न सहयोग पुग्ने आशा गरेको छु ।

२८. संघ, प्रदेश, विभिन्न संघ संस्थासँग साझेदारी मोडलमा विकास अपनत्व हासिल गर्न समपुरक कोषमा रु ४ करोड ५० लाख विनियोजन गरेको छु । जसबाट सहकार्य, साझेदारी, सहअस्तित्वको अवधारणा विकास हुनेछ ।

२९. यस मधुवन न.पा अन्तर्गतका विभिन्न भवन तथा सडक मर्मत सम्भारका लागि रु १८ लाख विनियोजन गरेको छु ।

३०. द्वन्द्व पीडित आयआर्जन तथा सीपमूलक कार्यक्रमका लागि रु ४ लाख विनियोजन गरेको छु ।

३१. नगरपालिकाको सुरक्षा एवं सामाजिक कार्यमा परिचालन गर्न नगर प्रहरी राख्ने व्यवस्थाको लागि त्यस शिर्षकमा रु २० लाख विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय,**

३२. विभिन्न संघ संस्थाहरुसँग साझेदारीमा तोकिएका कार्य गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३३. सामाजिक कल्याणतर्फ एक कर्मचारी कल्याण कोष स्थापना गर्दै हाललाई उक्त कोषमा रु १० लाख व्यवस्थापन गरेको छु ।

३४. हरित सडकको अवधारणा बमोजिम वृक्षारोपण कार्यलाई प्रभावकारी बनाई हरियाली प्रवर्द्धन गर्न रु ४ लाख बजेट विनियोजन गरेको छु ।

३५. नगरपालिका अन्तर्गत बस्ती स्तरमा आवश्यक परेका कार्यहरु गर्न, पूर्वाधारहरु व्यवस्थापन गर्न र वडाको आन्तरिक व्यवस्थापन गर्न  जम्मा रु ४ करोड ६ लाख विनियोजन गरेको छु ।

**सभा अध्यक्ष ज्यू एवं सभाका सदस्यज्यूहरु र उपस्थित अन्य सम्मानित महानुभावहरु,**

३६. विभिन्न पूर्वाधारहरु निर्माण गर्न सफ्टवेयरमा आधारित आवश्यक कार्य गर्न यो बजेट अर्थपूर्ण रुपमा रहने अनुमान गरेको छु ।बजेट आफैमा सफल हुने तत्व होइन बजेट परिचालनमा सहभागी हुने एवं सरोकार राख्ने आम सरोकारहरुले त्यसको मुल्य सार्थकता (Value of Worth) हासिल गर्न सके मात्र तोकिएको उपलब्धि प्राप्त हुन सक्छ । तसर्थ आव ०८२/०८३ को प्रस्तावित बजेट कार्यान्वयन गर्न आम महानुभावहरु सकारात्मक र रचनात्मक रुपले संलग्न भई गुणस्तरीय कार्यहरु गरी समृद्ध मधुवन निर्माण गर्न सहयोग गर्नु हुनेछ भन्ने आशा राखेको छु ।

हार्दिक आभार, जय मधुवन ।।।

**अनिता चौधरी**

**मितिः २०८२/०३/१०** **नगर उप-प्रमुख**

**मधुवन नगरपालिका, बर्दिया**

अनुसूची-१

# मधुवन नगरपालिका बर्दियाको आ.ब. २०८२/०८३ को आय व्यय अनुमान

| क्र.स. | आयका शिर्षक | अनुमानित रकम रु. | क्र.स. | व्ययका शिर्षक | अनुमानित रकम रु. |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार शसर्त अनुदान चालु | २५२२०००००० | १ | कृषि शाखा | ४५०००० |
| २ | संघीय सरकार शसर्त अनुदान पुँजीगत | २६२०००००० | २ | पशु शाखा | ४५०००० |
| ३ | संघीय सरकार विषेश अनुदान चालु | ७५००००० | ३ | गौशाला सञ्चालन तथा व्यवस्थापन | १७०००० |
| ४ | संघीय सरकार समपुरक अनुदान पुँजीगत | १९८०००००० | ४ | लघुउद्यम | ३०००० |
| ५ | प्रदेश सरकार शसर्त अनुदान पुँजीगत | ११०००००० | ५ | भूमि व्यवस्थापन | २००००० |
| ६ | प्रदेश सरकार विषेश अनुदान पुँजीगत | १७०००००० | ६ | शिक्षा शाखा | ४२५०००० |
| ७ | प्रदेश सरकार समपुरक अनुदान पुँजीगत | १२०००००० | ७ | नगर खेलकुद | २५००००० |
| ८ | संघीय सरकार समानिकरण अनुदान | १३८१००००० | ८ | स्वास्थ्य शाखा | १४०००००० |
| ९ | संघीय सरकार राजस्व बाँडफाँड | ११६५००००० | ९ | खानेपानी सरसफाइ तथा स्वच्छता इकाइ (वास) | २००००० |
| १० | प्रदेश सरकार समानिकरण अनुदान | ९५३१००० | १० | नगर अस्पताल सञ्चलान तथा व्यवस्थापन प्रशासनिक खर्च | ४००००० |
| ११ | प्रदेश सरकार राजस्व बाँडफाँड | १०८६२००० | ११ | नगर अस्पताल फार्मेसी सञ्चालन | २००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | खर्च | |
| १२ | अनुमानित आन्तरिक स्रोत | ९१३०७००० | १२ | नागरिक आरोग्य केन्द्र | १७००००० |
| १३ | अनुमानित अ.ल्या. रकम | ४५०००००० | १३ | महिला विकास शाखा | २०००००० |
| १४ | सडक बोर्ड नेपाल | ५०००००० | १४ | बहुक्षेत्रिय पोषण साझेदारी कार्यक्रम | १५०००० |
| १५ | सामाजिक सुरक्षा | २७०००००००० | १५ | नगरस्तरिय आयोजना तथा कार्यक्रम | ३३६५०००० |
| १६ | सानोश्री अस्पताल निर्माण अनुदान | १८०००००० | १६ | नगरस्तरीय पूर्वाधार आयोजना | ४०००००० |
| | | | १७ | वडास्तरिय योजना तथा कार्यक्रम (वडा सिलिङ्ग) | ४०६००००० |
| | | | १८ | समपूरक कोष | ४५०००००० |
| | | | १९ | पुरानो योजना तथा कार्यक्रमको दायित्व | ६५०००००० |
| | | | २० | विपद् व्यवस्थापन | ४०००००० |
| | | | २१ | फोहोरमैला व्यवस्थापन | १०००००० |
| | | | २२ | नगरस्तरिय चालु खर्च | ९८०००००० |
| | | | २३ | न्यायिक समिति | २०००००० |
| | | | २४ | संघीय सरकार शसर्त अनुदान चालु | २५२२००००० |
| | | | २५ | संघीय सरकार शसर्त अनुदान पुँजीगत | २६२००००० |
| | | | २६ | संघीय सरकार विषेश अनुदान चालु | ७५००००० |
| | | | २७ | संघीय सरकार समपुरक अनुदान | १९८००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | पुँजीगत | |
| | | | २८ | प्रदेश सरकार शसर्त अनुदान पुँजीगत | ११०००००० |
| | | | २९ | प्रदेश सरकार विषेश अनुदान पुँजीगत | १७००००० |
| | | | ३० | प्रदेश सरकार समपुरक अनुदान पुँजीगत | १२०००००० |
| | | | ३१ | सडक बोर्ड नेपाल | ५०००००० |
| | | | ३२ | सामाजिक सुरक्षा भत्ता | २७००००००० |
| | | | ३३ | सानोश्री अस्पताल निर्माण अनुदान | १८०००००० |
| | **जम्मा** | **१०३४७०००००** | | | **१०३४७०००००** |